▯पाँचखाल नगर - कृषि सहर▯

फोन नं.: ०११-४९९४५१
फ्याक्स नं: ०११-४९९२६७

# पाँचखाल नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

शिक्षा,युवा तथा खेलकुद शाखा
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

प.सं. ०७८/०७९
च.नं.

मितिः २०७८।०९।१८

सूचना! सूचना!! सूचना!!!

**विषय:सुविधासहितको स्वेच्छिक अवकास सम्बन्धमा।**

प्रस्तुत विषयमा यस नगरकार्यपालिकाको मिति २०७८।०९।१४ गतेको बैठकको निर्णयानुसार स्थायी सेवा अवधि २० वर्ष पुरा भएका र अनिवार्य अवकास हुन देहायको समयावधि बाँकी भएका यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षकहरुलाई तोकिएको मापदण्डका आधारमा निश्चित कोटा संख्यामा स्वेच्छिक अवकासका लागि प्रोत्साहन स्वरुप तपसिल बमोजिमको अवकास सुविधा उपलब्ध गराइने भएकाले इच्छुक सवैले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस नगरपालिकामा देहायका कागजात सहित निवेदन पेश गर्नुहुन जानकारीका साथ अनुरोध गरिन्छ। साथै वि.स. २०७८ साल माघ १ गतेबाट उक्त योजना लागु हुनेछ।

**तपसिल:**

1. वि.स. २०७९ असार मसान्त सम्म अनिवार्य अवकास हुने शिक्षकहरुका लागि रु. ५०,०००।– ( रु.पचास हजार मात्र) ।
2. वि.स. २०८० असार मसान्त सम्म अनिवार्य अवकास हुने शिक्षकहरुका लागि रु. १,५०,००।– (रु. एक लाख पचास हजार मात्र)।
3. वि.स. २०८० असार मसान्त पछि अवकास हुने ४५ वर्ष उमेर पुरा भएका शिक्षकहरुका लागि रु. २,००,०००।– ( रु. दुई लाख मात्र)।

पेश गर्नुपर्ने कागजातहरुः

1. व्यक्तिगत निवेदन,
2. नागरिकता प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपी (जन्ममिति स्पष्ट खुलेको),
3. स्थायी नियुक्ति पत्रको प्रतिलिपी,
4. राजिनामा पत्र।

शिव प्रसाद हुमँगाई
प्रमुख प्रशासकीय अधिकृत